# दुग्ध विकास संस्थान
## केन्द्रीय कार्यालय, लैनचौर
## आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी पदको प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न दरखास्त आव्हान गरिएको सूचना
**प्रकाशन मिति २०७६।७।२१ गते**

लोक सेवा आयोगबाट प्राप्त सहमती बमोजिम यस संस्थानमा रिक्त रहेका देहायका सेवा, समुहका आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने हुंदा तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ । दरखास्त फाराम संस्थानको Website : www.dairydev.com.np वाट Download गरी A4 साइजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपी गरी सम्पूर्ण विवरण भरी हालसालै खिचिएको पासपोर्ट साइजको तीन प्रति फोटो निर्दिष्ट स्थानमा टांसी फाराम र फोटो दुवैमा पर्ने गरी दस्तखत गरी अन्तीम मिति २०७६।८।१९ गतेसम्म र दोव्वर दस्तुर तिरि मिति २०७६।८।२६ गतेसम्म दरखास्त वुझाउन सकिनेछ । दरखास्त साथ उम्मेदवारले हासिल गरेको शैक्षिक योग्यता तथा तालिम र अनुभव आवश्यक पर्नेमा सो को प्रमाणपत्र, नागरिकताको प्रमाण पत्र साथै उमेर खुलेको प्रमाण पत्रमा उम्मेदवार आफैले प्रतिलिपी प्रमाणित गरी एक/एक प्रति संलग्न राखी दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय लैनचौर काठमाडौंमा दर्ता गराउनु हुन सम्बन्धीत सवैमा जानकारी गराइन्छ । रित नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजात पेश हुन नआएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ ।

| विज्ञापन नं | पद/तह | सेवा/ समुह | पद संख्या | कार्य गर्नु पर्ने स्थान | आन्तरिक, खुला र समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| **अधिकृत स्तर** | | | | | | |
| २०/०७६/७७ | सिनियर टेक्निकल अफिसर/ सिनियर एक्सटेन्सन अफिसर तह - ८ | प्राविधिक | १ | लु.दु.वि.आ. | आन्तरिक | सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त । |
| २१/०७६/७७ | वरिष्ठ प्रशासकिय अधिकृत/बजार अधिकृत, तह - ८ | प्रशासन | १ | वि.दु.वि.आ | आन्तरिक | सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त । |
| २२/०७६/७७ | वरिष्ठ लेखा अधिकृत, तह- ८ | प्रशासन/ लेखा | १ | वि.दु.वि.आ | आन्तरिक | सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त । |
| २३/०७६/७७ | टेक्निकल अफिसर/ डेरी टेक्नोलोजिष्ट / एक्सटेन्सन अफिसर, तह - ७ | प्राविधिक | ४ | ज.दु.वि.आ. प.आ.उ.का दु.प.वि.वि. आ., का.दु.वि.आ | खुला २ महिला १ आ.ज. १ | मान्यता प्राप्त शिक्षण संस्थावाट B.Sc. (Dairy Technology) वा B.Tech (Dairying) को उपाधि प्राप्त वा डेरी टेक्नोलोजि वा डेरी साइन्स वा खाद्य प्रविधि वा डेरी इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थावाट डेरी टेक्नोलोजी वा डेरी साइन्स वा खाद्य प्रविधि वा डेरी इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त वा भेटेरिनरी साइन्स विषयमा स्नातक उपाधि प्राप्त । |
| २४/०७६/७७ | इन्जिनियरिङ्ग अफिसर /मेन्टीनेन्स इन्जिनियर तह ७ | प्राविधिक/ इन्जि | ३ | का.दु.वि.आ लु.दु.वि.आ. | खुला २, महिला १ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रीकल वा ईण्डष्ट्रियल वा मेकानिकल इन्जिनियरिङ्गमा रेफ्रिजरेशन एण्ड एयरकण्डिसनीङ्ग विषय लिई स्नातक उपाधि प्राप्त । |
| २५/०७६/७७ | कम्प्यूटर इन्जिनियर, तह ७ | प्राविधिक | १ | के.का. | खुला | मान्यता प्राप्त शिक्षण संस्थावाट कम्प्युटर इन्जिनियरिङ्ग वा कम्प्युटर विज्ञानमा स्नातक उपाधि प्राप्त । |
| २६/०७६/७७ | विजनेश डेभलपमेन्ट अफिसर तह ७ | प्रशासन | १ | के.का. | खुला | मान्यता प्राप्त शिक्षण संस्थावाट बजार व्यवस्थापन मुख्य विषय लिई एम.बि.ए. उपाधि प्राप्त । |
| २७/०७६/७७ | प्रशासकिय अधिकृत/बजार अधिकृत तह ७ | प्रशासन | १ | वि.दु.वि.आ. | आन्तरिक | सम्बन्धीत विषयमा स्नातक उपाधि प्राप्त । |
| २८/०७६/७७ | लेखा अधिकृत/खजान्ची, तह ७ | प्रशासन/ लेखा | १ | लु.दु.वि.आ. | आन्तरिक | सम्बन्धीत विषयमा स्नातक उपाधि प्राप्त । |
| २९/०७६/७७ | असिष्टेन्ट एक्सटेन्सन अफिसर तह ६ | प्राविधिक | ४ | का.दु.वि.आ दु.प.वि.वि. आ., ध.दु.वि.आ. | आन्तरिक | मान्यता प्राप्त शिक्षण संस्थावाट डेरी फुड टेक्नोलोजी विषयमा ३ वा ४ वर्षे डिप्लोमा उपाधि प्राप्त वा स्वीकृत संस्थावाट डेरी वा खाद्य प्रविधि वा पशुपालन विषय लिई प्रमाण पत्र तह १० + २ उत्तीर्ण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३०/०७६/७७ | असिष्टेन्ट इन्जिनियरिङ्ग अफिसर तह ६ | प्राविधिक/इन्जि | २ | हे.दु.वि.आ., ध.दु.वि.आ. | आन्तरिक | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रीकल वा रेफ्रिजेरेटर एण्ड एयर कन्डीशन विषयमा ३ वा ४ वर्षे डिप्लोमा उपाधि उत्तीर्ण । |
| ३१/०७६/७७ | सहायक लेखा अधिकृत /नायव खजान्ची तह ६ | प्रशासन/लेखा | १ | का.दु.वि.आ. | आन्तरिक | वाणिज्य शास्त्र, व्यवस्थापन, व्यापार शास्त्र वा अर्थशास्त्रमा प्रमाण पत्र तह वा १० + २ उत्तीर्ण । |
| ३२/०७६/७७ | सहायक लेखा अधिकृत /नायव खजान्ची तह ६ | प्रशासन/लेखा | ६ | वि.दु.वि.आ<br>ज.दु.वि.आ.<br>ध.दु.वि.आ.<br>के.का. | खुला ३<br>महिला १<br>आ.ज. १<br>मधेसी १ | मान्यता प्राप्त शिक्षण संस्थावाट वाणिज्य शास्त्र वा व्यापार शास्त्र वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त । |
| ३३/०७६/७७ | शाखा अधिकृत /सहायक बजार अधिकृत तह ६ | प्रशासन | १ | के.का. | आन्तरिक | प्रमाणपत्र तह वा १० + २ वा सो सरह उत्तीर्ण वा कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा १० + २ उत्तीर्ण वा अन्य विषयमा प्रमाणपत्र तह वा १० + २ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालीम प्राप्त वा कम्प्युटर विषयमा ३ वर्षे डिप्लोमा वा इन्टरमिडियट इन कम्प्युटर इन्जिनियरिङ्गको उपाधि प्राप्त । |
| ३४/०७६/७७ | शाखा अधिकृत /सहायक बजार अधिकृत तह ६ | प्रशासन | ५ | ने..दु.वि.आ<br>हे.दु.वि.आ.<br>प.आ.उ.का<br>के.का.,<br>लु.दु.वि.आ. | खुला २<br>आ.ज १<br>मधेसी १<br>दलित १ | मान्यता प्राप्त स्वीकृत शिक्षण संस्थावाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण । |

| **सहायक स्तर** | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५/०७६/७७ | वरिष्ठ प्रशासन सहायक /वरिष्ठ बजार सहायक तह- ५ | प्रशासन | १ | ने.दु.वि.आ. | आन्तरिक | एस.इ.इ. मा न्यूनतम जि.पि.ए. दुई प्राप्त वा एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ३६/०७६/७७ | वरिष्ठ प्रशासन सहायक /वरिष्ठ बजार सहायक तह- ५ | प्रशासन | ५ | वि.दु.वि.आ. | खुला ३<br>मधेसी १<br>दलित १ | प्रमाणपत्र तह वा १० + २ वा सो सरह उत्तीर्ण । |
| ३७/०७६/७७ | लेखापाल/वरिष्ठ सहायक खजान्ची, तह - ५ | प्रशासन/ लेखा | १ | के.का. | आन्तरिक | लेखा विषय लिई एस.इ.इ. मा न्यूनतम जि.पि.ए. दुई प्राप्त वा लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ३८/०७६/७७ | लेखापाल/वरिष्ठ सहायक खजान्ची, तह - ५ | प्रशासन/ लेखा | ५ | लु.दु.वि.आ.<br>वि.दु.वि.आ.<br>ध.दु.वि.आ.<br>हे.दु.वि.आ. | खुला ३<br>महिला १<br>आ.ज. १ | वाणिज्य शास्त्र, व्यवस्थापन, व्यापार शास्त्र तथा अर्थशास्त्रमा प्रमाणपत्र तह वा १० + २ उत्तीर्ण । |
| ३९/०७६/७७ | टेक्निकल असिष्टेण्ट, तह - ५ | प्राविधिक | १ | हे.दु.वि.आ | आन्तरिक | डेरी वा खाद्य प्रविधि वा पशुपालन कुनै एक विषय लिई जे.टी. वा जे.टी.ए. वा प्राविधिक एस.एल.सी. उत्तीर्ण । |
| ४०/०७६/७७ | टेक्निकल असिष्टेण्ट, तह - ५ | प्राविधिक | ८ | लु.दु.वि.आ<br>ध.दु.वि.आ<br>वि.दु.वि.आ<br>ज.दु.वि.आ<br>ने.दु.वि.आ<br>प.आ.उ.का. | खुला ५<br>महिला १<br>मधेसी १<br>अपाङ्ग १ | मान्यता प्राप्त शिक्षण संस्थावाट डेरी फुड टेक्नोलोजी विषयमा ३ वा ४ वर्षे डिप्लोमा उपाधि प्राप्त वा स्वीकृत संस्थावाट डेरी वा खाद्य प्राविधि वा पशुपालन विषय लिई प्रमाणपत्र तह १० + २ उत्तीर्ण । |
| ४१/०७६/७७ | सुपरभाइजर, तह - ५ | प्राविधिक/ इन्जि | १ | ज.दु.वि.आ. | आन्तरिक | एस.एल.सी. वा सो सरह उत्तीर्ण भै सम्बन्धीत विषयमा एक वर्षको तालीम (इलेक्ट्रीकल, अटो मेकानिकल, रेफ्रिजरेशन एण्ड एयरकण्डिशन) प्राप्त वा स्वीकृत संस्थावाट सम्बन्धीत विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ४२/०७६/७७ | सुपरभाइजर, तह - ५ | प्राविधिक/ इन्जि | ४ | वि.दु.वि.आ.<br>ने.दु.वि.आ | खुला ३<br>मधेसी १ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रीकल वा रेफ्रिजेरेटर एण्ड एयर कन्डीशन विषयमा ३ वा ४ वर्षे डिप्लोमा उपाधि उत्तीर्ण । |
| ४३/०७६/७७ | वरिष्ठ कम्प्युटर अप्रेटर, तह - ५ | प्रशासन | १ | हे.दु.वि.आ. | महिला | कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा १० + २ उत्तीर्ण वा अन्य विषयमा प्रमाणपत्र तह वा १० + २ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालीम प्राप्त वा कम्प्युटर विषयमा ३ बर्षे डिप्लोमा वा इन्टरमिडियट इन कम्प्युटर इन्जिनियरिङ्गको उपाधि प्राप्त । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४/०७६/७७ | प्रशासन सहायक / बजार सहायक, तह - ४ | प्रशासन | ४ | के.का.<br>का.दु.वि.आ. | आन्तरिक | एस.इ.इ. मा न्युनतम जि.पि.ए. दुई प्राप्त वा एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ४५/०७६/७७ | प्रशासन सहायक / बजार सहायक, तह - ४ | प्रशासन | १० | प.आ.उ.का.<br>ध.दु.वि.आ.<br>दु.प.वि.वि.आ.<br>वि.दु.वि.आ.<br>लु.दु.वि.आ | खुला ६<br>महिला १<br>मधेसी २<br>दलित १ | एस.इ.इ. मा न्युनतम जि.पि.ए. दुई प्राप्त वा एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ४६/०७६/७७ | नायव लेखापाल, तह - ४ | प्रशासन/ लेखा | २ | के.का.<br>ज.दु.वि.आ | आन्तरिक | लेखा विषय लिई एस.इ.इ. मा न्युनतम जि.पि.ए. दुई प्राप्त वा लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ४७/०७६/७७ | नायव लेखापाल, तह - ४ | प्रशासन/ लेखा | ५ | ज.दु.वि.आ<br>लु.दु.वि.आ<br>वि.दु.वि.आ<br>ध.दु.वि.आ | खुला २<br>आ.ज. १<br>मधेसी १<br>दलित १ | लेखा विषय लिई एस.इ.इ. मा न्युनतम जि.पि.ए. दुई प्राप्त वा लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ४८/०७६/७७ | कम्प्यूटर अप्रेटर, तह - ४ | प्रशासन | १ | के.का. | आन्तरिक | एस.इ.इ. मा न्युनतम जि.पि.ए. दुई प्राप्त गरी वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा छ महिना तालीम प्राप्त। |
| ४९/०७६/७७ | कम्प्यूटर अप्रेटर, तह - ४ | प्रशासन | १ | वि.दु.वि.आ | महिला | एस.इ.इ. मा न्युनतम जि.पि.ए. दुई प्राप्त गरी वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा छ महिना तालीम प्राप्त। |
| ५०/०७६/७७ | जुनियर टेक्निकल असिष्टेण्ट, तह- ४ | प्राविधिक | ६ | ने.दु.वि.आ | आन्तरिक | डेरी वा खाद्य प्रविधि वा पशुपालन कुनै एक विषय लिई जे.टी. वा जे.टी.ए. वा प्राविधिक एस.एल.सी. उत्तीर्ण । |
| ५१/०७६/७७ | जुनियर टेक्निकल असिष्टेण्ट, तह- ४ | प्राविधिक | १५ | लु.दु.वि.आ<br>वि.दु.वि.आ<br>ध.दु.वि.आ<br>प.आ.उ.का.<br>ज.दु.वि.आ<br>का.दु.वि.आ. | खुला ८<br>महिला १<br>आ.ज. २<br>मधेसी २<br>दलित १<br>अपाङ्ग १ | डेरी वा खाद्य प्रविधि वा पशुपालन कुनै एक विषय लिई जे.टी. वा जे.टी.ए. वा प्राविधिक एस.एल.सी. उत्तीर्ण । |
| ५२/०७६/७७ | चीज मेकर, तह - ४ | प्राविधिक/चीज | १ | दु.प.वि.आ | आन्तरिक | डेरी वा खाद्य प्रविधि वा पशुपालन कुनै एक विषय लिइ जे.टि. वा जे.टि.ए. वा प्राविधिक एस.एल.सी. उत्तीर्ण । |
| ५३/०७६/७७ | चीज मेकर, तह - ४ | प्राविधिक/चीज | ३ | दु.प.वि.वि.आ | खुला १<br>महिला १<br>आ.ज. १ | डेरी वा खाद्य प्रविधि वा पशुपालन कुनै एक विषय लिइ जे.टि. वा जे.टि.ए. वा प्राविधिक एस.एल.सी. उत्तीर्ण । |
| ५४/०७६/७७ | फोरम्यान, तह - ४ | प्राविधिक/ इन्जि | ३ | का.दु.वि.आ | आन्तरिक | एस.एल.सी. वा सो सरह उत्तीर्ण भै सम्बन्धित विषयमा एक वर्षको तालीम(इलेक्ट्रीकल,अटो मेकानिकल,रेफ्रिजरेशन एण्ड एयरकण्डिशन) प्राप्त वा स्वीकृत संस्थाबाट सम्बन्धित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ५५/०७६/७७ | फोरम्यान, तह - ४ | प्राविधिक/ इन्जि | ७ | ध.दु.वि.आ<br>प.उ.का.<br>वि.दु.वि.आ<br>हे.दु.वि.आ<br>दु.प.वि.वि.आ. | खुला ४<br>आ.ज. १<br>मधेसी १<br>दलित १ | एस.एल.सी. वा सो सरह उत्तीर्ण भै सम्बन्धित विषयमा एक वर्षको तालीम(इलेक्ट्रीकल,अटो मेकानिकल,रेफ्रिजरेशन एण्ड एयरकण्डिशन) प्राप्त वा स्वीकृत संस्थाबाट सम्बन्धित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ५६/०७६/७७ | सहायक चीज मेकर, तह – ३ | प्राविधिक/चीज | ४ | दु.प.वि.वि.आ. | खुला २<br>महिला १<br>आ.ज. १ | दशम कक्षा उतीर्ण गरि हिमाली क्षेत्रको याक चीज उत्पादनमा तीन महिना तालिम प्राप्त |
| ५७/०७६/७७ | चीज ब्वाई, तह – २ | प्राविधिक/चीज | १ | दु.प.वि.वि.आ. | खुला | आठ कक्षा उतीर्ण गरि हिमाली क्षेत्रको याक चीज उत्पादनमा तीन महिना तालिम प्राप्त । |

१. उमेरको हद :

- सहायक स्तर पदको लागि दरखास्त वुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको ।
- अधिकृत स्तर पदको लागि दरखास्त वुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष पुरा भै ३५ वर्ष ननाघेको ।
- महिला र अपाङ्ग भएका उम्मेदवारहरुको लागि ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

२. दरखास्त वुझाउने समय : विहान ११.०० बजे देखि अपरान्ह ३.०० बजेसम्म र शुक्रवारको हकमा विहान ११.०० बजेदेखि २.०० बजेसम्म

३. लिखित परीक्षाको लागि सम्पर्क मिति : २०७६।९।११

४. छनौट गर्ने आधार : पाठ्यक्रममा तोकिए बमोजिम लिखित, प्रयोगात्मक र अर्न्तवार्ता ।

५. तलव स्केल र सुविधा : संस्थानको प्रचलित विनियमावली अनुसार हुनेछ ।

६. परिक्षणकाल : पुरुषको लागि १ वर्ष र महिलाको लागि ६ महिना हुनेछ ।

७. कार्य गर्नु पर्ने स्थान : संस्थानको केन्द्रीय कार्यालय अन्तर्गतका विराटनगर दुग्ध वितरण आयोजना, जनकपुर दुग्ध वितरण आयोजना, हेटौडा दुग्ध वितरण आयोजना, लुम्विनी दुग्ध वितरण आयोजना, नेपालगन्ज दुग्ध वितरण आयोजना र धनगढी दुग्ध वितरण आयोजना तथा डिडिसी पशु आहारा उत्पादन कारखाना, हेटौडामा (प्रत्येक विज्ञापनमा तोकिए बमोजिम हुने )

८. समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न बमोजिमका कागजातहरु समेत अनिवार्य रुपमा दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातीको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थावाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातीको हकमा सोही सूचीको आधारमा, तर नेपाल राष्ट्रिय दलित आयोगवाट सुचिकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(घ) अपाङ्गका हकमा स्विकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहवाट अपाङ्गता प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

९. एउटा पदको लागि खुल्ला र समावेशी तर्फका विभिन्न समुहमा समेत आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नु पर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेशपत्रमा खुला र समावेशी समुह मध्ये कुन कुन समुहको परीक्षामा समावेश हुने हो सो अनुसार तोकिए बमोजिम चिन्ह लगाउनु पर्नेछ ।

१०. एउटा विज्ञापन नम्वरको पदको लागि खुल्ला र समावेशीका आधारमा लिइने लिखित परक्षिाहरु संयुक्त रुपमा एकैपटक लिइनेछ ।

११. दुग्ध विकास संस्थान कर्मचारी प्रशासन विनियमावली २०६३ (संशोधन सहित) र यस विज्ञापनमा लेखिएका अन्य आधारहरु पुरा नभएमा वा झुट्टा विवरण पेश गरेको पाइएमा जुनसुकै वेला दरखास्त अस्वीकृत हुनेछ ।

१२. दुग्ध विकास संस्थान कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम २८ अनुसार अयोग्य नभएको हुनु पर्नेछ ।

१३. विदेशी शिक्षण संस्थावाट प्रमाण पत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

१४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्वाट सम्बन्धीत विषयको सिप परीक्षणको लागि तोकिएको तहको प्रमाण पत्र सोही परिषद्वाट तोकिएको पद तथा तहको लागि मान्य हुनेछ ।

१५. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

१६. दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१७. लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अर्न्तवार्ता सम्बन्धी कार्यक्रम पछि गोरखापत्रमा प्रकाशित गरिनेछ ।

१८. परीक्षा दस्तुर वापत अधिकृत स्तरको लागि रु. १,०००।- (एकहजार) र सहायक स्तरको लागि रु. ५००।- (पांच सय) राष्ट्रिय बाणिज्य बैंक विशाल बजार न्यूरोड काठमाडौंमा रहेको संस्थानको चल्ती खाता नं १०९००५५३४५०१ मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त साथ नत्थी गरेको हुनु पर्नेछ । एक उम्मेदवारले एकै विज्ञापन नम्वरको एकभन्दा बढी समावेशी समुहमा दरखास्त दिन चाहेमा प्रत्येक समुहको लागि अधिकृत स्तर रु. ५००।- र सहायक स्तर रु. ३००।- थप दरखास्त दस्तुर लाग्नेछ ।

१९. विस्तृत जानकारीको लागि दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय, लैनचौरको प्रशासन व्यवस्थापन विभागमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

२०. पाठ्यक्रम संस्थानको Website :www.dairydev.com.np वाट प्राप्त गर्न सकिनेछ ।

**पदपूर्ति समिति**
**दुग्ध विकास संस्थान**
**केन्द्रीय कार्यालय, लैनचौर**